# छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ३ २०८१ पुस ०३

## भाग-२

## छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

### छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

छायाँनाथ रारा नगरपालिका उच्च शिक्षाका लागि दलित, विपन्न वर्गका तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृती प्रदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१

**उच्च शिक्षाका लागि दलित तथा विपन्न वर्गका विद्यार्थीलाई छात्रवृती प्रदान सम्बन्धी कार्यविधि, २०७७**

प्रमाणित मिति
२०७७/०६/११

संशोधन

क) उच्च शिक्षाका लागि दलित तथा विपन्न वर्गका तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृती प्रदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ २०८१/०८/२७

सम्वत २०८१ को कार्यविधि नं. ०९

**उच्च शिक्षाका लागि दलित तथा विपन्न वर्गका तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृती प्रदान सम्बन्धि कानून संशोधन गर्न बनेको कार्यविधि**

**प्रस्तावनाः** नेपाल सरकारको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न तथा अन्तराष्ट्रिय तहमा गरेको प्रतिवद्धता पूरा गर्न विद्यालय वाहिर रहेका वालवालिकाहरुको पहुँच बढाउन तथा भर्ना भएका सबै वालवालिकाहरुलाई टिकाइ राख्न र गुणस्तरीय शिक्षाको शुनिश्चितताका लागि विद्यालय उमेर समूहका लक्षित वर्गका वालवालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था हुदै आएको छ। यसरी विगत देखि प्रदान गरिदै आएको विद्यालय क्षेत्र विकास कार्यक्रममा उल्लेख भए अनुसार विपन्न लक्षित गर्दे अति आवश्यक भएका वर्गलाई छात्रवृत्ति उपलब्ध गराउन विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ परिच्छेद ४ को ४.३.११ को (क) को बुँदा नं. ४ मा उल्लेख भए अनुसार माध्यमिक तहमा प्रदान गरिने विपन्न लक्षित छात्रवृत्तिको व्यवस्थापन गरिदै आएको भएपनि उच्च तहसम्म अध्ययनलाई निरन्तरता दिन संघिय व्यस्थामा नभएको परिप्रेक्षमा दलित, तथा पिछडिएका वर्गका वालवालिकालाई उच्च तहको प्राविधिक तथा अन्य विषयका अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरि अध्ययन कार्य पूरा गरि हरेक तहमा उनीहरुको हक अधिकारलाई शुनिश्चित गराउने वाञ्छनीय भएकोले, ✂.....

✍छायाँनाथ रारा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाएको छ।

**परिच्छेद १**

**प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम छायाँनाथ रारा नगरपालिका "उच्च शिक्षाका लागि दलित तथा विपन्न बर्गका तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

✍(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय तथा प्रसंगले अर्को अर्थ नलागेमा,-

✍ पहिलो संशोधनबाट संशोधित

✂पहिलो संशोधनबाट झिकिएको

(क) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई सम्झनु पर्छ।

(ग) "नगर पालिका" भन्नाले छायाँनाथ रारा नगर पालिकालाई सम्झनु पर्छ।

(घ) "शिक्षा समिति" भन्नाले नगर शिक्षा समितिलाई सम्झनु पर्छ।

(ङ) "गरिव" भन्नाले आर्थीक अवस्था कमजोर रहेको र गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशीकाले व्यावख्या गरेको व्यक्ति सम्झनु पर्छ।

(च) "जेहेन्दार" भन्नाले यस नगरपालिका भित्र स्थायी बसोबास गर्ने आफुले अध्ययन गर्ने बिषयमा समझदार, बुझ्ने विद्यार्थि, दिमागदार, बुद्धिमान, लगनशिल, मेहनती विद्यार्थीलाई सम्झनु पर्छ। जो जुनसुकै वर्ग, जात, र धर्मको विद्यार्थी सम्झनु पर्छ।

(छ) "दलित" भन्नाले नेपाल सरकारबाट दलित भनी सुचुकृत जातजातीलाई सम्झनु पर्छ।

(ज) "विपन्न लक्षित" भन्नाले यस नगरपालिका भित्र संकटाक्षेत्र तथा बिपतिमा परेको क्षेत्रमा बसोबास गर्ने विद्यार्थीलाई स्मझनु पर्छ।

(झ) "कोष" भन्नाले नगरसभाले यस प्रयोजनका लागि विनियोजित गरि पारित गरेको रकमलाई सम्झनु पर्छ।

(ञ) "भौचर पद्यति" भन्नाले तोकिएको आधारमा छनौट भएका गरिव, जेहेन्दार, दलित तथा विपन्न लक्षित विद्यार्थीले पठन पाठनका लागि आफुले उच्च शिक्षा अध्ययन गर्न चाहेको विषयमा भर्ना भए पश्चात निजलाई बैंकमा खाता खोल्न लगाई सोही खाता मार्फत रकम निकासा दिने पद्धतिलाई सम्झनु पर्छ।

(ट) ☞"छात्रबृत्ति" भन्नाले छायाँनाथ रारा नगरपालिका वा अन्य कूनै निकाय वा तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय सँघ सँस्था वा ब्यक्तिबाट क्याम्पसमा अध्ययनरत बिद्यार्थीका लागि तोकिएका आधार र प्रकृया बमोजिम प्रदान गरिने नगद रकम, स्टेशनरी, शैक्षिक सामाग्री, प्रोत्साहन, शिक्षण सँस्थालाई बुझाउने शुल्क लगाएतका अन्य सुविधालाई सम्झनु पर्छ।

(ठ) ☞"क्याक्पस" भन्नाले विश्व विद्यालय अनुदान आयोग अन्तर्गत बनेको ऐन तथा नियमावली अनुसार स्थापना तथा सँचालन भएका सबै प्रकारका सामुदायिक आङ्गीक क्याम्पसहरु सम्झनु पर्दछ ।

(ड) ☞"स्नातक तह" भन्नाले विद्यालयके कक्षा १२ उत्तीर्ण गरिसके पछि प्रदान गरिने ४ बर्षको शक्षिक बर्षलाई सम्झनु पर्दछ ।

(ढ) ☞"स्नातकोत्तर तह" भन्नाले क्याम्पसको स्नाताक तह उत्तीर्ण भई सके पछि प्रदान गरिने २ बर्षको शिक्षक बर्षलाई सम्झनु पर्दछ ।

(ण) ☞"आवासिय छात्रबृत्ति" अन्नाले छात्रवासमा बसी अध्ययन गर्ने वा घर छोडी डेरा गरी बस्ने बिद्यार्थीलाई प्रदान गरिने छात्रबृत्ति सम्झनु पर्दछ ।

(त) ☞"गैर आवासिय छात्रबृत्ति" भन्नाले छात्रवासमा नबसी गैर अवासिय सविधा उपयोग नगरी घरबाटै क्याम्पसमा अध्ययन गर्न आउने जाने बिद्यार्थीलाई प्रदान गरिने छात्रबृत्ति सम्झनु पर्दछ ।

(थ) ☞"तोकिए" वा "तोकिए बमोजिम" भन्नाले छायाँनाथ रारा नगरपालिका मुगुले तोकिए बमोजिम भन्ने सम्झनु पर्दछ ।

(द) ☞"मातहतका" भन्नाले छायाँनाथ रारा नगरपालिका मुगु मातहतका विभिन्न कार्यक्रम भन्ने सम्झनु पर्दछ

☞पहिलो संशोधनबाट थपिएको

## परिच्छेद-३

## छात्रवृत्तिका उद्देश्य र छात्रवृत्ति सम्बन्धि व्यवस्था

३. **गरिव, जेहेन्दार, दलित तथा विपन्न लक्षित छात्रवृत्तिका उद्देश्यहरुः** (१) यस कार्यविधि कार्यान्वयनका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

(क) माध्यमिक तह पूरा गरि उच्च शिक्षा अध्ययनका लागि भर्ना भएका र आर्थिक रुपमा पिछडिएका गरिव, ✎जेहेन्दार, दलित तथा विपन्न वर्गका विद्यार्थीहरुको पहिचान गरि उनीहरुको अध्ययनमा सहयोग पुर्याई राज्य तथा नगरपालिकाका हरके क्षेत्रमा अवसरहरुको सुनिश्चित गर्ने,

(ख) प्राविधिक जनशक्ति तयार गरि स्थानिय स्तरमा दक्ष जनशक्तिको आपूर्ति गर्ने,

(ग) छात्रवृत्ति वितरणको व्यवस्थालाई क्रमशः व्यवस्थित गर्ने,

(घ) छात्रवृत्ति वितरण गर्ने निकायको भूमिका किटान गर्ने।

४. **छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** (१) छात्रवृत्ति सम्बन्धि व्यवस्था देहाय बमोजिम रहेको छ।

(क) गरिव, जेहेन्दार, दलित तथा विपन्न लक्षित छात्रवृत्तिलाई प्राविधिक तथा अन्य उच्च शिक्षा अध्ययनका लागि प्रयोगमा ल्याइनेछ,

(ख) यो छात्रवृती स्वदेश तथा विदेशका विभिन्न शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुको अध्ययन कार्यलाई पूरा गराई स्थानिय स्तरमा दक्ष जनशक्ति आपूर्ति गर्न कार्यान्वयनमा ल्याइनेछ,

(ग) आर्थिक वर्ष २०७४।०७५ बाट कार्यान्वयनमा ल्याइएको यस छात्रवृत्तिको दायरालाई फराकिलो तथा व्यवस्थित वनाउदै लगिनेछ।

(घ) देश विकासको सन्दर्भमा उच्च शीक्षा मार्फत सामाजिक एकता र सदभाव कायम रख्नु,

(ङ) छात्रचृतिलाई लक्षित वर्ग तथा समुदायका विद्यार्थी सम्म पुर्याई उच्च शिक्षा अध्ययनमा समन्वय कायम गर्ने।

✎(२) यो कार्यविधि नगरपालिकाबाट देश तथा विदेशमा प्राविधिक तथा अन्य विषयमा अध्ययन गर्ने गरिव, जेहेन्दार, दलित तथा विपन्न वर्गका विद्यार्थीको छात्रवृत्ति वितरण गर्न लागु हुनेछ।

☞(३) छायाँनाथ रारा नगरपालिका गरिब संग नगर प्रमुख कार्यक्रम सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०८० को दफा ३ को देहाय (ख) र छायाँनाथ रारा नगरपालिका जातिय विभेद विरुद्ध दलित निती, २०८० को बुद्दा नं. १०.१७ बमोजिम समेत यसै कार्यविधि अनुसार छात्रवृति प्रदान गरिनेछ।

(४) ☞छात्रवृत्ति कुन स्तरलाई कतिसम्म उपलब्ध गराउन सकिने देहाय बमोजिम मापन गरिनेछ।

(क) एम बि बि एस का लागि रु १० लाखसम्म।

(ख) ईन्जिनियरका लागि रु ५ लाखसम्म ।

(ग) प्राविधिक स्नातक तहका हकमा रु ५ लाखसम्म

(घ) ३ बर्षे डिप्लोमा कोर्षका लागि रु ३ लाखसम्म ।

(ङ) आई एस सी का लागि १ लाख ५० हजारसम्म ।

(च) +२ का लागि २० देखि ५० हजारसम्म ।(घर छोडी जिल्ला बाहिर गएकाको हकमा मात्र)

(छ) सामुदायिक बिद्यालयमा अध्ययनरत मा.वि.स्तर १० देखि १५ हजारसम्म ।

✎पहिलो संशोधनबाट संशोधित

☞पहिलो संशोधनबाट थपिएको

(ज) सामुदायिक बिद्यालयमा अध्ययनरत आ.वि. स्तरीय ५ देखि १० हजारसम्म ।

**स्पष्टिकरण:** उपदफा (४) बमोजिम उपलब्ध गराउने रकम विद्यार्थीको अध्ययनको लागि लाग्ने कुल लागतमा नबढने गरि यो रकम प्रत्येक वर्ष दिन सकिनेछ। तर प्रत्येक वर्ष दिदाँ नगर शिक्षा समिति वा नगर कार्यपालिका वा नगर सभाको निर्णय बमोजिम हुनेछ।

५. **✓गरिव, जेहेन्दार, दलित तथा विपन्न विद्यार्थीहरु छनौट गर्ने आधार तथा प्रक्रिया:** (१) गरिव, जेहेन्दार, दलित तथा विपन्न विद्यार्थीहरु छनौट गर्ने आधार र प्रक्रिया देहाय बमोजिम रहेकोछ।

(क) ✂.....

(ख) **✓विद्यार्थी पहिचान फारामको विकास:** विद्यार्थी पहिचानको लागि अनुसूची-१ बमोजिमको फारामको आधारमा विद्यार्थीको पहिचान गरिनेछ।

(ग) **✓विद्यार्थी छनौट प्रक्रिया:** उपदफा (१) को खण्ड (क) मा उल्लेख भए अनुसार गरिवी सम्बन्धी परिचय पत्र कार्यान्वयनमा आइ नसकेको अवस्थामा विद्यार्थी छनौट देहाएको तरीकाको आधारमा गरिनेछ:

(१) ☞नगरपालिकाले यस प्रयोजनका लागि अनुसूची-१ बमोजिमको निवेदनको आधारमा अनुसूची-२ बमोजिमको फाराममा भएका विवरण भर्नु पर्नेछ।

(२) ✓फाराममा भएका सूचकहरुलाई आधार मानी सबैभन्दा विपन्न देखिएका मध्येबाट गरिव, जेहेन्दार, दलित तथा विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्न योग्य हुनेछन्।

(३) यसरी योग्य भएका विद्यार्थीहरुले नगर प्रमुखको तोकआदेश वा नगर शिक्षा समिति वा नगर कार्यपालिका वा नगर सभाले निर्णय गरे बमोजिमको एकमुष्ठ रकम उनीहरुको बैंक खातामा वा नगद नै निकासा दिइनेछ।

(४) छात्रवृति प्रदान गर्दा सकेसम्म प्राविधिक शिक्षामा अध्ययन गर्न चाहने र अध्ययन गरिरहेकालाई उनीहरुको अध्ययन गर्ने विषयको प्रकृति हेरी नगर प्रमुखको तोकआदेश वा नगर शिक्षा समिति वा नगर कार्यपालिका वा नगर सभाले रकम निर्धारण गर्न सक्नेछ।

६. **छात्रवृत्ति नपाउने अवस्था:** (१) छात्रवृति नपाउने अवस्था देहाय बमोजिम रहेकोछ।

(क) निर्धारित कागजात पेश गर्न नसकेमा,

(ख) विद्यार्थी आफ्नो कक्षामा अनुत्तीर्ण भएमा,

(ग) उमेर नपुग्दै विवाह गरेमा,

(घ) गलत वा झुठा विवरण भरी फाराम पेश गरेको प्रमाणित भएमा,

(ङ) विद्यार्थीले प्रचलित ऐन नियम तथा शैक्षिक संस्थाले बनाएको आचारसंहिता उल्लंघन गरेको प्रमाणित भएमा।

## परिच्छेद-३

## विविध

७. **सजाय सम्बन्धी व्यवस्था:** (१) गलत विवरण भर्न सहयोग गर्ने, त्यसलाई सिफारिस गर्ने तथा प्रमाणित गर्ने जिम्मेवार व्यक्तिलाई नगर शिक्षा समितिको अध्यक्षले प्रचलित ऐन तथा नियम अनुसार कसुरको मात्रा हेरी हदैसम्मका कारवाही गर्नेछ।

(२) गलत विवरण भर्ने विद्यार्थीलाई नगरपालिका र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट भावी दिनमा उपलब्ध हुने सरकारी छात्रवृत्तिबाट वञ्चित गर्न सकिनेछ।

✓पहिलो संशोधनबाट परिमार्जन गरिएको

✂.....पहिलो संशोधनबाट झिकिएको

**छात्रवृत्ति पाउन योग्य हुने:** (१) छात्रवृत्ति पाउने विद्यार्थीले सोही विषयको सोही तहको अध्ययन पूरा नहुन्जेल सम्म यो छात्रवृत्ति पाउन योग्य हुनेछन्।

८. **अनुसूची सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले आवश्यकता अनुसार अनुसूची समावेश गर्न, संशोधन गर्न र हटाउन सक्नेछ।

९. **समायोजन गर्न सक्ने:** (१) नगरकार्यपालिकाले यस प्रकारको छात्रवृत्ति कार्यान्वियन गर्दा निर्देशिका तथा यस कार्यविधिको भावनाको प्रतिकूल नहुने गरि छात्रवृतिको व्यवस्थित गर्न नगरपालिकाका अलावा अन्य निकायहरुसँग समन्वय गर्न यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

१०. **समिति सम्बन्धी व्यवस्था:** (१) छात्रवृत्तिलाई व्यवस्थित गर्न नगरकार्यपालिकाले नगर शिक्षा समितिका अलावा विभिन्न उपसमिति बनाई कार्यपालिकाले तोकेको शर्तमा जिम्मेवारी दिन सक्नेछ।

११. **अनुगमन गर्न सक्ने:** (१) नगर शिक्षा समितिले आफै वा आफनो जनशक्ति परिचालन गरि विद्यार्थीको पठनपाठनको आकस्मिक रुपमा अनुगमन गर्न सक्नेछ।

१२. **छात्रवृत्तिमा हेरफेर हुने:** (१) यस प्रकारको छात्रवृत्तिको नगरसभाले विनियोजन गरको वजेटको उपलब्धताको आधारमा कति सम्म समेट्ने भन्ने अधिकार नगर शिक्षा समिति वा नगर कार्यपालिका वा नगर सभाले लाई हुनेछ।

१३. **भौचर जारी गर्ने:** (१) छात्रवृत्ति पाउन योग्य भएका विद्यार्थीहरुलाई दिइने भौचर नगरपालिका आफैले जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको भौचरमा विद्यार्थीको आवश्यक विवरण, छात्रवृत्ति रकम र छात्रवृत्ति प्राप्त गर्ने प्रक्रिया खुलाइएको हुनुपर्नेछ।

१४. **कार्यविधि अनुसार हुनेछ:** (१) छात्रवृत्ति सम्बन्धी सम्पूर्ण कामहरु यसै कार्यविधि अनुसार नै हुनेछन्।

१५. ☞**बाधा अडकाऊ फुकाउने:** (१) यस कार्यविधी प्रयोग कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यमा कुनै बाधा अडकाउ परेकोमा नगरपालिकाको कार्यपालिकाले बाधा अडकाउ फुकाउने छ।

१६. ☞**संशोधन:** (१) यस कार्यविधिमा संशोधन गर्न आवश्यक देखिएको खण्डमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

☞पहिलो संशोधनबाट थपिएको

☞अनुसूची-१
(दफा ५ को उपदफा (१) को खण्ड (ग) को देहाय (१)

## निवेदन पत्र

मितिः २०८१/...../......

श्रीमान् ......................................... प्रमुख ज्यू,
................................................................।

विषयः छात्रवृति उपलब्ध गराउने सम्बन्धमा।

आर्थीक रुपले विपन्न वा दलित विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउने **"छायाँनाथ रारा नगरपालिका उच्च शिक्षाका लागि दलित तथा विपन्न वर्गका तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृति प्रदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१"** बमोजिम देहायका कागजात संलग्न राखी छात्रवृतिको लागि अनुरोध गर्दछु। साथै मैले यस तहमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा कुनै स्वदेशी वा विदेशी संघ, संस्था वा निकाय मार्फत अन्य कुनै छात्रवृति प्राप्त गरेको छैन। मैले उल्लेख गरेका विवरणहरु सत्य छन, झुठ्ठा भएमा प्रचलित कानून बमोजिम कारवाहीको लागि मञ्जुर छु।

विद्यार्थी नामः

विद्यार्थी दस्तखतः

मितिः

| औठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

## सिफारिस पत्र

सम्बन्धित उच्च शैक्षिक संस्थाको सिफरिस (आवेदन गर्ने समूहमा चिन्ह लगाउने)
श्री ..............................,
........................................।

आर्थीक रुपले विपन्न वा दलित विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउने **"छायाँनाथ रारा नगरपालिका उच्च शिक्षाका लागि दलित तथा विपन्न वर्गका तथा जेहेनदार विद्यार्थीलाई छात्रवृति प्रदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१"** बमोजिम विद्यार्थीले पेश गरेको विवरण तथा संलग्न प्रमाण समेतका आधारमा जिल्ला ............... स्थानीय तह ................ वडा नं. .......... बस्ने वर्ष ......... का विद्यार्थी श्री ......................... लाई छात्रवृतिको लागि सिफारिस गर्दछु। यस शैक्षिक संस्थामा भएको अभिलेखका आधारमा यस विश्वविद्यालय/क्याम्पसमा निजले नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा अन्य कुनै संघ, संस्था वा निकायबाट छात्रवृति प्राप्त नगरेको व्यहोरा समेत प्रमाणित गर्दछु।

**स्कुल वा सम्बन्ध प्राप्त क्याम्पस प्रमुखको**

☞पहिलो संशोधनबाट थपिएको

नामः......................................          दस्तखतः ....................................

संस्थाको नामः ..........................................          मितिः ..................................

संस्थाको छापः

सम्बन्धित विद्यार्थीले संलग्न गर्नुपर्ने कागजातको सूची

(१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(२) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएका प्रमाण,

(३) पछिल्लो शैक्षिक उपाधिको मार्कशिट/ट्रान्सक्रिप्ट प्रतिलिपि,

(४) अध्ययनरत शैक्षिक संस्थाको सिफरिस पत्र,

(५) सम्बन्धित वडाको सिफारिस,

(६) दलितको हकमा दलित जातजाती भएको प्रमाण,

(७) आर्थिकरुपले विपन्नको हकमा नेपाल सरकार वा अन्तर्गतका निकायद्वारा विपन्न घरपरिवार भनी जारी/सिफारिश प्रमाणपत्र

☞पहिलो संशोधनबाट थपिएको

☞अनुसूची-२

(दफा ५ को उपदफा (१) को खण्ड (ग) को देहाय (१)

# छायाँनाथ रारा नगरपालिका

# गमगढी,मुगु।

(छात्रवृति आवेदन फारम)

## १. आवेदक विद्यार्थिको विवरण

| विद्यार्थिको नाम, थर (देवनागरी) | सुरुको नाम | | | बीचको नाम | | अन्तम नाम (थर) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| अंग्रजीमा (Capital Letters) | | | | | | | | |
| नागरिकता | | | | ना.प्र.नं. | | जारी मितिः | | जारी गर्ने जिल्लाः |
| लिङ्ग | महिला | | | पुरुष | | अन्य (तेस्रो लिङ्ग) | | |
| स्थायी ठेगाना प्रदेश | | जिल्ला | | गा.पा./न.पा. | | वडा नं. | | टोल/गाँउ |
| हालको ठेगाना | | जिल्ला | | गा.पा./न.पा. | | वडा नं. | | टोल/गाँउ |
| सम्पर्क नम्बर | टेलिफोनः | | | | | | | |
| | मोबाईल | | | | | | | |
| इमेल | | | | | | | | |
| जन्म मिति | वि.स. | | | इस्वी संवत | | | | |
| बाबुको नाम, थर | | | | | | | | |
| आमाको नाम, थर | | | | | | | | |
| बाजेको नाम, थर | | | | | | | | |

## २. शैक्षिक योग्यता

| एस.एल.सी./एस.ई.ई. | उतीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क वा जिपिए | |
|---|---|---|---|---|
| विद्यालयको नाम, ठेगाना | | | | |
| उच्च माध्यमिक विद्यालय (१२ कक्षा) | उतीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क वा जिपिए | |
| अध्ययन गरेको विद्यालयको नाम, ठेगाना | | | | |
| रजिष्ट्रेशन नं. (राष्ट्रिय परीक्षा बोर्ड/प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद) | | | | |
| स्नातक तह | उतीर्ण वर्ष | | श्रेणी/प्राप्ताङ्क वा | |

☞पहिलो संशोधनबाट थपिएको

| | | | | |
|---|---|---|---|---|
| | | | जिपिए | |
| विश्वविद्यालय रजिष्ट्रेशन नं. | | | | |
| अध्ययन गरेको शैक्षिक संस्थाको नाम, ठेगाना | | | | |

## ३. अध्ययन शैक्षिक संस्थाको विवरण

| | | | | |
|---|---|---|---|---|
| अध्ययनरत शैक्षिक संस्थाको नाम र ठेगाना | | | | |
| अध्ययनरत तह | स्नातक तह | | स्नातकोत्तर तह | |
| अध्ययनरत वर्ष वा सेमिष्टर | | | | |
| सङकाय | | | | |
| विषय | | | | |

## ४. छात्रवृति वा निशुल्क वृत्ति पाएको भए सोको विवरण

| क.स. | छात्रवृति/निशुल्क वृतिको नाम | छात्रवृति प्रदान गर्ने संस्थाको नाम र ठेगाना | छात्रवृति रकम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

## ५. विद्यार्थीको बैंक खाता सम्बन्धी विवरण (बैंकको लिष्ट वेब साइटबाट छनोट गर्ने)

| | |
|---|---|
| बैंकको नाम | |
| ठेगाना | |
| शाखा | |
| विद्यार्थीको टिजिटल बैंक खाता नम्बर | |

प्रमाणित मितिः २०८१ मंसिर २७

**<u>आज्ञाले</u>,**
पशुपती शाही
नि. प्रमुख प्रशासकीय अधिकृत